# निर्यात गृह सञ्चालन कार्यविधि, २०७६ को अवधारणा उपर छलफल तथा अन्तरक्रिया कार्यक्रम

मिति २०७६ श्रावण १७ गते शुक्रबार,

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्यक्रम तथा बजेटमा **"साना, लघु, घरेलु, मझौला उद्योगहरुबाट उत्पादित अलैंची, अदुवा, फेल्ट, फेसनका सामाग्री लगायत अन्य वस्तुहरुलाई अन्तर्राष्ट्रिय बजारसंग सम्पर्क स्थापित गर्न आवश्यक पर्ने विभिन्न किसिमका सेवाहरु उपलब्ध गराई निर्यात व्यापारलाई प्रवर्द्धन गर्ने कार्य अघि बढाउन स्वच्छ व्यवसायी समूहसंग सहकार्य गर्दै निर्यात गृहको अवधारणा अघि बढाउने"** कार्यक्रम उल्लेख भएवमोजिम मिति २०७६।०४।१७ गते केन्द्रका श्रीमान् कार्यकारी निर्देशकज्यूको समुपस्थिति एवं निजी क्षेत्रका सरोकारवालाहरुको सहभागितामा केन्द्रबाट तयार गरिएको निर्यात गृह सञ्चालन कार्यविधि, २०७६ को मस्यौदा अवधारणा उपर छलफल तथा अन्तरक्रिया कार्यक्रम केन्द्रको सभाहल ललितपुरमा आयोजना भएको थियो ।

उक्त कार्यक्रममा केन्द्रका श्रीमान् कार्यकारी निर्देशकज्यूबाट निर्यात गृहको सञ्चालनको अवधारणा बारे प्रकाश पार्नु भएको थियो । सो अवसरमा उहाँले नेपालबाट निकासी हुने वस्तुहरूको लागत कम गर्न, स्तर र गुणको सुधारद्वारा निकासीजन्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढाई नेपालको निकासी बृद्धिमा सहयोग पुर्‍याउने उद्देश्यले निर्यात गृहको अवधारणा अघि बढाउन लागेको व्यहोरा जानकारी गराउनु भएको थियो । साथै उहाँले यस प्रकारको निर्यात गृहले नेपाली घरेलु तथा साना, मझौला, लघु, सहकारी एवं कृषकहरुबाट उत्पादित वस्तुहरूलाई सिधै अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउन तथा अन्तर्राष्ट्रिय बजारसंग जोड्न मद्दत पुग्ने बारे प्रष्ट पार्नु भएको थियो ।

यस कार्यक्रममा केन्द्रका उप-निर्देशक श्री राजेन्द्र सिंहले **निर्यात गृह सञ्चालन कार्यविधि, २०७६ को मस्यौदा अवधारणा** बारे प्रस्तुतीकरण गर्नु भएको थियो । सो अवसरमा उहाँले निर्यात गृहको परिभाषा, काम, कर्तव्य र अधिकार, योग्यता, प्रमाणपत्र जारी, सुविधा एवं अनुगमन सम्बन्धी व्यवस्था बारे प्रकाश पार्नु भएको थियो भने स्वच्छ व्यवसायी समूहबाट समेत निर्यात गृहको अवधारणा प्रस्तुत भएको थियो ।

केन्द्रबाट प्रस्तुत भएको उक्त अवधारणा मस्यौदा माथि निजी क्षेत्रका व्यवसायीहरुले टिप्पणी गर्नु हुँदै नेपाल सरकारले ढिलै भए पनि निर्यात गृहको अवधारणा अघि बढाउनु निकै सकरात्मक पक्ष रहेको भन्नु हुँदै निर्यात गृह उत्पादन र विक्रेताको मेरुदण्ड हुनुपर्ने, व्यवसायी एवं उत्पादन मैत्री हुनुपर्ने, निर्यात गृह र अरु निर्यात गर्ने उद्योग बीच फरक हुनुपर्ने, नगद प्रोत्साहन उत्पादन गर्ने कृषकहरुमा समेत पुग्नुपर्ने, घरेलु तथा साना, मझौला, लघु, सहकारी एवं कृषकहरुको अतिरिक्त ठूला उद्योगहरुलाई समेत यस गृहमा समावेश गर्नु पर्ने धारणा व्यक्त गर्नु भएको थियो ।

उक्त कार्यक्रममा केन्द्र र स्वच्छ व्यवसायी समूह तर्फको अवधारणा एवं निजी क्षेत्रका सरोकारवालाहरुबाट व्यक्त भएका धारणाहरुलाई समावेश गरी निर्यात गृहको अन्तिम मस्यौदा तयार पारी पूनः सहभागीहरुलाई उपलब्ध गराउने प्रतिवद्धता समेत केन्द्रका श्रीमान् नायव कार्यकारी निर्देशकज्यूले जनाउनु भएको थियो ।

उक्त कार्यक्रममा निजी क्षेत्रका तर्फबाट नेपाल चेम्वर अफ कमर्श, नेपाल हस्तकला महासंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल महिला उद्यमी महासंघ, नेपाल निर्यात परिषद, नेपाल तयारी पोशाक उद्योग संघ, नेपाल पशिमना उद्योग संघ, नेपाल ऊनी फेल्ट उत्पादक तथा निर्यातकर्ता संघ, नेपाल धागो उत्पादक संघ, स्वच्छ व्यवसायी समूह (Fair Trade Group), नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना (NIRTTP) दि अर्गानिक भ्याली, सिद्धार्थ बैं, नेविल बैंक, हिमालयन एग्रो फरेष्ट्री ई., अर्गानिक माउण्टेन फ्लावर समेतका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

## कार्यक्रमका केही झलकहरु







